# राष्ट्रिय सूचना आयोग

## का.म.न.पा.-१० (देवीनगर) काठमाडौं

प.सं. ०७५/७६
च.नं.

**सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तराष्ट्रिय दिवस**
**(International Day for Universal Access to Information) का सन्दर्भमा जारी प्रेस विज्ञप्ती**

सूचनाको हकको पक्षमा लाग्ने सबैका लागि आजको दिन एक महत्वपूर्ण दिन हो ।संयुक्त राष्ट्रसंघको महासभाले गत बर्ष अर्थात् १५ अक्टोबर २०१९ मा आजको दिन (September-28) लाई प्रत्येक वर्ष सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तराष्ट्रिय दिवसका रुपमा मान्ने गरी घोषणा गरेको छ । त्यस अर्थमा यो संयुक्त राष्ट्रसंघले घोषणा गरे पश्चातको पहिलो दिवस हो । सेप्टेम्वर २८ लाई सूचनाको सर्वव्यापी पहुँच सबन्धी अन्तराष्ट्रिय दिवसका रुपमा मनाउने क्रम सन् २०१५ देखि नै युनेस्को (UNESCO) को महासभाले घोषणा गरे पश्चात शुरु भएको थियो । यस क्रममा राष्ट्रिय सूचना आयोगले पनि नियमित रुपमा विविध कार्यक्रमको आयोजना गरी यस दिवसलाई सूचनाको हकको महत्व तथा उपलब्धीलाई संस्थागत गर्न नागरिकको तहसम्म पुग्ने गरी मनाइरहेकोमा विश्वले र हामीले सामना गरिरहेको कोरोना महामारीका कारण औपचारिक कार्यक्रम राख्न संभव भएन । प्रविधिको प्रयोग गरी केहि कार्यकमहरु आयोगले आयोजना गर्दैछ ।

कुनैपनि लोकतान्त्रिक व्यवस्थामा सरकारले वा सार्वजनिक निकायले गर्ने कृयाकलापहरु स्वाभाविक रुपमा सर्वसाधारण जनताका लागि हुन्छन् । यस अवस्थामा सर्वसाधारण जनताका लागि हुने प्रत्येक कृयाकलापका बारेमा सर्वसाधारण नागरिकलाई जानकारी हुनु आवश्यक हुन्छ । यसैका लागि सर्वसाधारण जनताले सार्वजनिक निकायहरुमा सूचना माग्ने र पाउने व्यवस्थाको सुरुवात भएको हो । यसबाट सुशासन कायम गर्न, भ्रष्टाचार नियन्त्रण गर्न, अनियमितता हटाउन, जनताको स्वामित्व बढाउन, सहभागिता बढाउन, सरकारको काममा सकारात्मक सन्देश फैलाउन सकिन्छ भन्ने विश्वास लिइएको हुन्छ ।

नेपालमा पनि लोकतान्त्रिक गणतन्त्रको स्थापना भएपश्चात लोकतान्त्रिक पद्धतिमा विश्वास गर्ने जनप्रतिनिधीहरु, सूचनाका हकका अभियन्ता, आमसञ्चारकर्मी, नागरिक समाजको जोड बलले गर्दा सर्वसाधारण नागरिकले सार्वजनिक निकायले गर्ने वा गरेका कृयाकलाप बारेमा जानकारी पाउने हक कायम गर्न सूचनाको हक सम्बन्धी व्यवस्थालाई संवैधानिक मान्यता प्रदान गरिएको र लगत्तै कानून समेत निर्माण गरिएको हो ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ लागु भएबाट सूचनाको हकले नेपालमा औपचारिक रुपमा नै कानूनी मान्यता प्राप्त गरेको हो । सूचनाको हकसम्बन्धी ऐनले व्यवस्था गरे अनुरुप सूचनाको हकको प्रवर्द्धन, सम्वर्द्धन र प्रचलन गर्न गराउन राष्ट्रिय सूचना आयोगको गठन २०६५ सालमा भएको हो ।

सूचनाको हकलाई प्रभावकारी कार्यान्वयनका लागि सूचनाको माग पक्ष र सूचना दिने पक्ष दुबैको त्यत्तिकै महत्वपूर्ण भूमिका रहन्छ । दुबै पक्षमा यस बारेमा जानकारी  तथा उत्प्रेरणाको आवश्यकता रहन्छ । त्यसैलाई ध्यानमा राखी राष्ट्रिय सूचना आयोगले विभिन्न कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्दै आइरहेको छ । यसबाट सार्वजनिक निकायका नीति निर्माता, राजनीतिज्ञ, उच्च पदस्थ पदाधिकारी, कर्मचारी, आमसञ्चारकर्मी, नागरिक समाज, सर्वसाधारण नागरिकलाई सूचनाको हक, कानूनी व्यवस्था र प्रकृया बारेमा सचेतना फैलाउने काम गरेको छ । यस अवधिमा सूचनाको हकसम्बन्धी उजुरी तथा पुनरावेदनको संख्या पनि बर्षेनी बढ्दै गैरहेको अवस्था छ । गत आर्थिक बर्षमा जम्मा १०१३ पुनरावेदनको उजुरी तथा निवेदन आयोगमा प्राप्त भएकोमा १०१३ को अन्तिम किनारा लगाई सकेको छ ।

सूचनाको हक वारेमा सचेतनाको स्तर बढेको छ । धेरै सार्वजनिक निकायहरुले सूचना अधिकारी तोकेको अवस्था छ । यति हुँदाहुँदै पनि सूचनाको हक अनुरुप सूचना माग गर्नेहरुलाई हतोत्साहित गराउने, सूचना सकेसम्म दिन नपरे हुन्थ्यो भन्ने, सूचना दिन आनाकानी गर्ने, स्वतःप्रकाशन नगर्ने गरेको अवस्था पनि विद्यमान नै छ । यसले गर्दा सुशासन कायम गर्न, पारदर्शिता कायम गर्न, जिम्मेवार बाउन अझैपनि समस्या रहेको बुझ्न सकिन्छ । कतिपय सार्वजनिक निकायले सूचना अधिकारी मात्रै तोक्न पनि नसकेको अवस्था छ ।

कोरोना महामारीका बेलामा सूचनाको हकको महत्व अझ बढेको छ । कोरोना महामारीबाट जोगिन, सक्रमण भएमा के गर्ने भन्ने बारेमा, राहताका लागी के पकृया छ भन्ने बारेमा, व्यवसाय सञ्चालन गर्दा पालना गर्नुपर्ने नियमका बारेमा यथार्थ जानकारी सर्वसाधारणलाई आवश्यक पर्दछ । यस्तो जानकारी सबैले थाहा पाउने गरी र बुझिने गरी प्रकाशन, प्रसारण र प्रवाह गर्न पर्ने हुन्छ । यस सन्दर्भमा अयोगले पटक पटक विभिन्न आदेश, निर्देशन र सुझावहरु नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सार्वजनिक निकायहरुलाई गरेको छ । यसबाट केही सकारात्मक पहलहरु भएको पाइएता पनि यथेष्ट मात्रामा हुन नसकेको अवस्था विद्यमान छ ।

नेपालको संविधानले तीन तहको शासकीय संरचनाको व्यवस्था गरे बमोजिम सूचनाको हक सम्वन्धी ऐन, २०६४ मा संसोधन गरी प्रदेश तथा स्थानीय तहमा रहेका सार्वजनिक निकायहरुलाई पनि यसको कार्यक्षेत्रभित्र पारेपश्चात यसरी प्रदेश तथा स्थानीय तहमा गठन हुने सार्वजनिक निकायहरुमा सूचनाको हकको प्रभावकारी कार्यन्वयन गराई संविधानले कायम गरेको सार्वजनिक निकायहरुमा रहने सूचनामा सर्वसाधारण नागरिकको पहुंच पुर्‍याई सुशासनको अनुभूति दिनु पर्ने चुनौति थपिएको छ । आगामी दिनहरुमा आयोगको ध्यान तथा कार्यकमहरु यस तर्फ निर्देशित हुनेछन् । यी र यस्तै चुनौति तथा अवसरहरुको सदुपयोग गर्दै सूचनाको हक कार्यन्वयनमा उल्लेखनीय योगदान पुर्‍याउन आयोग आगामी पञ्चवर्षीय रणनैतिक योजनाको तयारीमा लागेको छ ।

सर्वसाधारण नागरिकको विश्वास जगाउन, स्वस्थ रहन, कोरोनाबाट जोगिन, आर्थिक सामाजिक रुपमा सक्षम बनाउन पनि सूचनाको हकसम्बन्धी व्यवस्थाको अक्षरस पालना हुनु महत्वपूर्ण रहेको छ। यसका लागि सरोकारवालहरु सबैको त्यत्तिकै जिम्मेवारी रहन्छ । सही समयमा सही सूचनाले नागरिकलाई सरकारप्रतिको विश्वास जगाउँछ। यस तथ्यलाई ध्यानमा राख्न आवश्यक छ।

सूचनाको हकसम्वन्धी व्यवस्थाको प्रयोगमा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने नीतिनिर्माता, राजनीतिज्ञ, सार्वजनिक निकायका पदाधिकारी, सञ्चारकर्मी, नागरिक समाज, सूचनाको हकका अभियन्ताहरु, सूचना अधिकारीहरु प्रति आयोग सदा आभारी रहन्छ । सूचनाको हकको कार्यन्वयन सरोकारवालाहरुको सहयोग, समन्वय र समझदारीमा मात्र सम्भव हुने हुँदा आयोग सवैसँग सहकार्य गर्दै जान सदा तत्पर छ। आयोगले गरेका कामहरुमा साथ दिनुहुने सबैप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि सदाझैं साथ र सहयोगका प्राप्त हुने अपेक्षा आयोगले गरेको छ। यस महत्वपुर्ण दिवसले सूचनाको हकको प्रयोगलाई थप प्रभावकारी बनाउंदै जान सवैको साथ र सहयोग कायम गर्न गराउन थप अभिप्रेरित गरोस। यो अवसरमा आफूलाई दिइएको जिम्मेवारीमा खरो उत्रने प्रतिबद्धता व्यक्त गर्दै आयोग सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछ।

(कमला ओली थापा)
सूचना आयुक्त तथा प्रवक्ता

मिति : २०७७ आश्विन १२ (28th September, 2020)